# गुलरिया नगरकार्यपालिकाको बैठकका निर्णयहरु

## बैठक नं. ५४, २०७९-२०८४

मिति २०८२।०५।२० गते

**निर्णय नं. १**

गुलरिया नगरपालिकाको ५३औं कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

गुलरिया नगरपालिकाको वडा नं. १ देखि १२ सम्म वसोवास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अब्यवस्थीत वसोवासीहरुले मिति २०७७ सालमा वडा कार्यलाय मार्फत लगत निवेदन फारमहरु भर्दा लगत संकलन गर्ने क्रममा लगत संकलन कर्ता र लगत प्रविष्ट कर्ता दुवैवाट लेख्रे तथा प्रविष्ट गर्ने क्रममा (नाम, ना.प्र.नं., क्षेत्रफल/कित्ता तथा जग्गाको प्रकृति) त्रुटि भएको हुदाँ उक्त त्रुटिहरुलाई सच्चाउनाका लागि वडा कार्यालयमा सूचना प्रकाशन भएको निर्धारित समय भित्र विविध कारणहरुले गर्दा सम्बन्धीत व्यक्तिहरु संसोधन/सच्चाउन नआएको हुदाँ पून: अन्तिम पटकका लागि सच्चाउन मिल्ने व्यवस्थाका लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति बर्दियालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गुलरिया नगरपालिकाको तपासिल अनुसार नाप नक्सा भएको वडा/वस्तीका भुमिहिन दलित, भुमिहीन सुकुम्वासी र अब्यवस्थीत वसोवासीहरुलाई पुर्जा प्रासीका लागि तत्काल कार्य प्रकृया अगाडी वढाईदिन भूमि समास्या समाधान आयोग जिल्ला समिति वर्दियालाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | वडा नं. | वस्तीको नाम | भू.द. | भू.सु. | अव्यवस्थीत | जम्मा | अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | कैलाश नगर | ० | ० | ३२ | ३२ | नाप नक्सा भई जिल्ला आयोगमा फाईल २०८२ असारमा पठाई सकेको | पुरानो |
| २ | ३ | कोठारीपुरवा | ० | ० | ४ | ४ | नाप नक्सा भई जिल्ला आयोगमा फाईल २०८२ असारमा पठाई सकेको | पुरानो |
| ३ | ६ | दिपेन्द्रनगर | ० | १० | १४ | २४ | नाप नक्सा भई जिल्ला आयोगमा फाईल २०८२ असारमा पठाई सकेको | पुरानो |